# नेपाल राष्ट्र बैंक

# प्रेस समाचार

## औपचारिक व्यापार प्रवर्द्धन सबैको दायित्व : सुन व्यवस्थापनमा समन्वय आवश्यक

(गभर्नर खतिवडा, विरगञ्ज उद्योग वाणिज्य संघको कार्यक्रममा)

समसामयिक आर्थिक तथा वित्तीय मुद्दाहरुमा छलफल गर्ने उद्देश्यले वीरगञ्ज उद्योग वाणिज्य संघले माघ २ गते उद्योगी, व्यवसायी, बैंकर र नेपाल राष्ट्र बैंकबिच एक अन्तरक्रिया कार्यक्रमको आयोजना गऱ्यो ।




कार्यक्रमलाई सम्बोधन गर्दै प्रमुख अतिथि गभर्नर डा. युवराज खतिवडाले यस प्रकारका अन्तरक्रिया मार्फत बैंकर तथा व्यवसायीहरुबाट नीति-निर्माता र सुपरिवेक्षकलाई उचित सल्लाह प्राप्त हुने र नीतिको प्रभावकारी कार्यान्वयन सम्भव हुने विचार व्यक्त गर्नुभयो ।

निर्यात अनुदानका सन्दर्भमा सरकारले नगद अनुदान दिने प्रावधान अति नै गाह्रो हुने अनुभव व्यक्त गर्दै निर्यातमा अनुदानभन्दा निर्यात गर्ने वस्तु उत्पादनमा अनुदान दिनु उपयुक्त हुने उहाँको विचार थियो । कृषि उत्पादन र प्रशोधनका लागि कृषकको हित संरक्षण गर्न करप्रणाली या वित्तीय प्रणाली कुन माध्यमबाट सहुलियत दिन सकिन्छ भन्ने कुरामा थप छलफल गरी उचित निष्कर्षमा पुग्नुपर्ने आसय उहाँले व्यक्त गर्नुभयो ।

वित्तीय क्षेत्रका लागि नेपाल राष्ट्र बैंक सुपरिवेक्षक भए पनि प्रहरीको भूमिकामा चाहिँ नरहेको तर्क राख्दै बैंक तथा वित्तीय संस्था स्वनियमनमा बस्नुपर्छ भन्ने मान्यतामा सुपरिवेक्षकीय निकाय नेपाल राष्ट्र बैंक रहेको उहाँले स्पष्ट पार्नुभयो । विगतमा बैंक तथा वित्तीय संस्थाको संख्यात्मक विस्तारको तुलनामा सुपरिवेक्षकीय क्षमता विस्तार नहुँदा केही समस्या भए पनि वित्तीय क्षेत्रमा सुधार हुने सङ्केतहरू प्रशस्त देखिएको जानकारी गराउनुभयो । वित्तीय क्षेत्रमा तरलता पर्याप्त हुँदा निर्यात पुनर्कर्जा पूर्ण कार्यान्वयन नभएको भन्दै उहाँले यसो भन्दैमा ग्राहकको हितलाई नभुल्न वित्तीय क्षेत्रलाई सुझाव दिनुभयो ।

नेपाल-भारतबीच अनौपचारिक व्यापार रहेको र औपचारिक व्यापारमा पनि Under Invoicing तथा आयातका विभिन्न Window हरू रहेको सन्दर्भमा नगद भारतीय रुपैयाँको असीमित उपलब्धता हुन नसक्ने भन्नुहुँदै उहाँले यो समस्याको निराकरणका लागि स्वयम् व्यवसायीहरु अग्रसर भई वैध व्यापार प्रवर्द्धनमा सहयोग गर्न सल्लाह दिनुभयो । अवैध व्यापारका लागि विदेशी मुद्रा असीमित रुपमा कहिल्यै उपलब्ध गराउन नसकिने भन्दै उहाँले सही व्यापारको बैंकिङ माध्यमबाट भुक्तानीका लागि भा.रु. समस्या नहुने स्पष्ट पार्नुभयो ।

भा.रु. ५०० र १००० दरका नोटको सीमित सटही सुविधा दिन दुई देशबीच समझदारी बनेको र कार्यान्वयनको क्रममा रहेको

जानकारी दिँदै गभर्नर डा. खतिवडाले यसले नेपालको भा.रु. व्यवस्थापनको लागत न्यूनीकरण समेत हुने आशा व्यक्त गर्नुभयो । व्यवसायीहरुले कमाएको भारु बैंकिङ च्यानलमा नआउँदा समस्या भएको र सो समझदारी पछि ठूला दरका नोट बैंकमा आई समस्या न्यूनीकरण गर्न सकिने तथा यसका लागि भन्सारको मूल्यांकन परिपाटी र भन्सार प्रशासनमा समेत सुधार हुनु पर्ने आवश्यकता उहाँले औंल्याउनुभयो ।

औपचारिक माध्यमबाट विप्रेषण भित्र्याउन भारतीय रिजर्व बैंकसँग चरणचरणमा कुरा भएका र यसका लागि मनीचेन्जरलाई न्यूनतम नगद प्रोत्साहन दिने व्यवस्था गर्न लागिएको उहाँले जानकारी दिनुभयो । प्रतिष्पर्धात्मक न्यून लागतमा वस्तु उत्पादन गर्न नेपालमा विभिन्न समस्या रहेको सन्दर्भमा उहाँले उद्योगी व्यवसायीहरुलाई सेवा क्षेत्रमा समेत लगानी गर्न आग्रह गर्नुभयो । तरलता सुखद समस्या हो भन्दै उहाँले मुद्रास्फीति दरभन्दा कम व्याजदरमा कर्जा प्राप्त हुने आशा नगर्न व्यवसायीहरूलाई सल्लाह दिनुभयो ।

औद्योगिक क्षेत्र क्रमशः सुध्रने आशा व्यक्त गर्दै गभर्नर डा. खतिवडाले अहिले लगानी बढाउने उपयुक्त अवसर रहेको विचार व्यक्त गर्नुभयो । सम्पत्ति शुद्धीकरण अन्तराष्ट्रिय मुद्दा रहेको र विश्व समुदायको सदस्य भइसकेपछि ती प्रावधान मान्नुपर्ने उहाँले स्पष्ट पार्नुभयो ।

नेपालका लागि आवश्यक पर्ने सुनको कोटा पर्याप्त रहेको चर्चा गर्दै उहाँले नेपालका लागि वार्षिक कोटाको सुनले पुग्ने अनुमान रहेको र यसको वितरण प्रणाली सम्बन्धित महासंघकै सल्लाहमा हुने गरेको जानकारी गराउनु भयो । सुनको प्रभावकारी व्यवस्थापनको नीतिगत तहमा नेपाल राष्ट्र बैंकको दायित्व भए पनि तस्करी नियन्त्रण गर्नका लागि सुरक्षा संयन्त्रको उत्तिकै प्रभावकारी भूमिका र समन्वय आवश्यक पर्ने उहाँले स्पष्ट पार्नुभयो ।

ग्रामीण कर्जा प्रवाहमा नेपाल राष्ट्र बैंकको सदैव सरोकार रहेको चर्चा गर्दै गभर्नर खतिवडाले हालसम्म कृषि क्षेत्रमा ५० अर्ब प्रवाह भएको तर सो धेरै न्यून रहेको धारणा राख्नुभयो । उहाँले व्यवसायीहरुलाई कृषि उपजको प्रशोधन, भण्डारण तथा प्याकेजिङतर्फ ध्यान दिन आग्रह गर्नुभएको थियो ।

२०७० माघ ३ गते, शुक्रबार

गभर्नरको कार्यालय